बैठक नं. ११/५८

आज मिति २०७८ साल असार १० गते विहान ८ वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप-प्रमुख | |
| ३ | दिपक राना | वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | मनकला |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | चण्डीका चौलागाई | अधिकृत | |
| २८ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| २९ | सनत दवाडी | सहायकस्तर पाचौ | |
| ३० | राजेन्द्र बहादुर कठायत | लेखापाल | |

Scanned with CamScanner

निर्णयहरु :

१। उप प्रमुख भावना भण्डारीले नगरसभामा प्रस्तुत गर्ने आ.व. २०७८।७९ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

२। भेरी नगरपालिकाको आगामी आ.व.२०७८/७९ को आन्तरिक राजस्व संकलनका लागि तर्जुमा गरिएको अर्थ विधेयक, २०७८ र आ.व.२०७८/७९ मा संचित कोषवाट बजेट खर्च गर्नका लागि बजेट तर्जुमा समितिको सिफारिश सहित पेश हुन आएको विनियोजन विधेयक, २०७८ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

३। नगर क्षेत्रभित्रका विद्यालयहरूमा आवश्यकता अनुसार शिक्षक दरवन्दी नभएको र आवश्यकता अनुसारको शिक्षक नभएका विद्यालयबाट गुणस्तरीय शिक्षाको परिकल्पना समेत गर्न नसकिने भएकोले दरवन्दी नभएका र पर्याप्त दरवन्दी नभएका विद्यालयहरूमा न्यूनतम रूपमा योग्य शिक्षकको व्यवस्था गर्न अर्को व्यवस्था नभए सम्मको लागि नगरपालिकाको स्रोतबाट तलब व्यहोर्ने गरी मा.वि. स्तर (९-१०) स्तरमा ८ जना र आधारभुत (१-५) स्तरमा ९ जना, आधारभुत (६-८) स्तरमा २१ जना गरी जम्मा रु. ३८ जना स्वयं सेवक शिक्षकहरूको गत आ.व. को नगरसभाबाट स्वीकृत भएको अस्थायी दरवन्दी आगामि आ.व. का लागि समेत स्वीकृत गर्ने नगर सभामा पेश गर्ने ।

४। चालु आ.व.२०७७ को श्रावण १ गते देखि जेष्ठ मसान्तसम्म नगर कार्यपालिकाबाट प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्ने क्रममा भए गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्न नगर सभामा पेश गर्ने ।

५। नगर कार्यपालिकाको कार्यालयको जिम्मेवारी, यसको भूमिका र सेवा प्रवाह प्रणालीलाई अझ बढी सुदृढ, चुस्त र प्रभावकारी बनाउन कार्यालयको संगठन विकास अध्ययन O&M study गराई कार्यान्वयन गर्न गत आ.व.मा बजेट बिनियोजन गरिकोमा कोभिड १९ को महामारीको कारण कार्यक्रम कार्यान्वयन हुन नसकेकोले उक्त कार्यक्रम आगामि आ.व. कार्यान्वयन गर्ने र सोको लागि आवश्यक बजेट सेवा परामर्शमा विनियोजित बजेटबाट व्यहोर्ने गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

६। यस नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय विभिन्न कार्यक्रम तथा आयोजनमा कार्यरत तपशिलमा उल्लेखित अस्थायी करार कर्मचारीहरूको दरबन्दी अनुमोदन तथा म्याद थप स्वीकृतिका लागि सभामा पेश गर्ने ।

| क्र.स. | नाम | पद | श्रेणी।तह | कैफियत |
|---|---|---|---|---|
| १. | प्रकाश कुमार शाही | कानुन अधिकृत | अधिकृत स्तर सातौं तह | अस्थाई |
| २. | नवराज शर्मा | ईन्जिनियर | अधिकृत स्तर छैटौ तह | करार |
| ३. | सुर्य लम्साल | सूचना प्रविधि अधिकृत | अधिकृत स्तर छैटौ तह | कार्यक्रम करार |
| ४. | पवन खत्री | सव ईन्जिनयर | पाँचौ | करार |
| ५. | देव वहादुर घर्ती | अ.स.ई | चौथो | अस्थाई |
| ६. | धन वहादुर थापा | अ.स.ई | चौथो | करार |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७. | विष्णु आर सि | अ.स.ई | चौथो | करार |
| ८. | नन्द माया घर्ती | अ.स.ई | चौथो | करार |
| ९. | विरेन्द्र शिल घर्ती | सहायक | चौथो | अस्थाई |
| १०. | गोरख व शाही | सहायक | चौथो | करार |
| ११. | केशव पुन | अमिन | चौथो | करार |
| १२. | राजेन्द्र विवस पुन | स्वकिय सचिव | चौथो | करार |
| १३. | प्रचण्ड जंग शाह | वरिष्ट सा.प | पाँचौ | अस्थाई |
| १४. | रमेश जंग शाह | सा.प. | चौथो | करार |
| १५. | शर्मीला घर्ती | सा.प | चौथो | करार |
| १६. | सृजना चौधरी | सा.प. | चौथो | करार |
| १७. | शेर वहादुर अधिकारी | सवारी चालक | श्रेणी विहिन | करार |
| १८. | कृष्ण शाही | ट्याकटर चालक | श्रेणी विहिन | करार |
| १९. | अर्जुन वि.क | व्याकहुलोडर चालक | श्रेणी विहिन | करार |
| २०. | सन्तोष कुमार शाह | फोहर व्यवस्थापक | श्रेणी विहिन | करार |
| २१. | वल वहादुर घर्ती | व्याकहु लोडर स. चा. | श्रेणी विहिन | करार |
| २२. | प्रेम वहादुर खत्री | भान्से | श्रेणी विहिन | करार |
| २३. | जय वहादुर चन्द | का.स. नपा | श्रेणी विहिन | करार |
| २४. | शावित्रा शाही | का.स. नपा | श्रेणी विहिन | करार |
| २५. | धर्म राज थापा | का.स. नपा | श्रेणी विहिन | करार |
| २६. | रुपा राना | का.स. नपा | श्रेणी विहिन | करार |
| २७. | सरस्वती खडका | का.स. नपा | श्रेणी विहिन | करार |
| **वडा कार्यालयमा कार्यरत कर्मचारीहरू:** | | | | |
| २८. | दर्मा राना | का.स.वडा नं.१ | श्रेणी विहिन | करार |
| २९. | डिल वहादुर पुन | का.स.वडा नं.२ | श्रेणी विहिन | अस्थाई |
| ३०. | विमला शाही | का.स.वडा नं.४ | श्रेणी विहिन | करार |
| ३१. | मान व शाही | का.स.वडा नं.५ | श्रेणी विहिन | करार |
| ३२. | नरेश बि.क. | का.स.वडा नं.७ | श्रेणी विहिन | करार |
| ३३. | धरम चन्द | का.स.वडा नं.८ | श्रेणी विहिन | करार |
| ३४. | कमल राज घर्ती | का.स.वडा नं.९ | श्रेणी विहिन | करार |
| ३५. | गोपाल महतारा | का.स.वडा नं.१० | श्रेणी विहिन | करार |
| ३६. | कमल वहादुर महतरा | का.स.वडा नं.११ | श्रेणी विहिन | करार |
| ३७. | निरज गाईन | का.स.वडा नं.१२ | श्रेणी विहिन | करार |
| ३८. | प्रेम वर | का.स.वडा नं.१३ | श्रेणी विहिन | करार |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| **प्रधानमंत्री रोजगार कार्यक्रमः** | | | | |
| ३९. | रश्मी राई | रोजगार संयोजक | अधिकृत स्तर छैटौ तह | कार्यक्रम करार |
| ४०. | वरुण वस्नेत | सव ईन्जिनयर | पाँचौ | कार्यक्रम करार |
| **गरिवि निवारणका लागि लघु उध्यम कार्यक्रमः** | | | | |
| ४१. | हिरा नेपाली | उध्यम सहजकर्ता | पाँचौ | कार्यक्रम करार |
| ४२. | सरिता सिंह | उद्यम सहजकर्ता | चौथो | कार्यक्रम करार |
| **मानसिक स्वास्थ्य परामर्श कार्यक्रमः** | | | | |
| ४२. | प्रविण वि.क | मानसिक स्वा.सहायक | | करार |
| **पंजिकरण कार्यक्रमः** | | | | |
| ४३. | रेनुका थापा | फिल्ड सहायक | चौथो | करार |
| **बहुक्षेत्रीय पोषण कार्यक्रमः** | | | | |
| ४४. | लक्ष्मि घर्ती | पोषण सहजकर्ता | चौथो | करार |
| **नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा कार्यरत करार कर्मचारीहरुको विवरणः** | | | | |
| **स्वास्थ्य चौकी बाहुनथाना वडा नं २** | | | | |
| १. | सुष्मा न्यौपाने | अ.न.मि. सुरक्षित मातृत्व | चौथो | करार |
| २. | रत्ना खड्का | अ.न.मि. नपा | चौथो | करार |
| ३. | सविना वली | हे.अ. | पाँचौं | करार |
| ४. | पशुपति पुन मगर | अ.न.मि. (रोमिंग) | चौथो | करार नपा |
| ५. | जगत खड्का | का.स. नपा | श्रेणी विहिन | करार नपा |
| ६. | अनिता के.सी. | का.स. नपा | श्रेणी विहिन | करार नपा |
| **स्वास्थ्य चौकी कुदु, वडा नं १३** | | | | |
| ७. | रुपा घर्ती मगर | ल्याव असिष्टेन्ट | चौथो | करार नपा |
| ८. | सपना गिरी | अ.न.मि.सुरक्षित मातृत्व | चौथो | करार नपा |
| ९. | पवित्रा गिरी | अ.न.मि. | चौथो | करार नपा |
| १०. | सुनिता बुढा | का.स. | श्रेणी विहिन | करार नपा |
| ११. | सविना नेपाली | का.स. | श्रेणी विहिन | करार नपा |
| **स्वास्थ्य चौकी जगतिपुर वडा नं ११** | | | | |
| १२. | विमला चन्द | अ.न.मि.सुरक्षित मातृत्व | चौथो | करार |
| १३. | करण शाही | हे.अ. | पाँचौ | करार |
| १४. | भावना चन्द | अ.न.मि. (रोमिंग) | चौथो | करार नपा |
| १५. | देवी वर कामी | का.स. | चौथो | करार नपा |
| **स्वास्थ्य चौकी गंगटीया, वडा नं ६** | | | | |
| १६. | करिश्मा पुन मगर | ल्या.अ. | चौथो | करार नपा |
| १७. | रन्जिता खड्का | अ.न.मि.सुरक्षित मातृत्व | चौथो | करार |
| १८. | संजिता के.सी | अ.न.मि. रोमिंग | चौथो | करार |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९. | भिम बहादुर शाही | का.स. | श्रेणी विहिन | करार नपा |
| २०. | पम्फा शाही | का.स. | श्रेणी विहिन | करार नपा |
| **स्वास्थ्य चौकी भूर, वडा नं ९** | | | | |
| २१. | कौशिला राना | अ.न.मि.सुरक्षित मातृत्व | चौथो | करार |
| २२. | घन वहादुर पुन मगर | हे.अ. | पाँचौ | करार |
| २३. | जय बहादुर चनारा | ल्या.अ. | चौथो | करार नपा |
| २४. | कौशिला चन्द | अ.न.मि. रोमिंग | चौथो | करार नपा |
| २५. | हरिकला रोकाय | का.स. | श्रेणी विहिन | करार नपा |
| २६. | कालिका शर्मा | का.स. | श्रेणी विहिन | करार नपा |
| **भेरी नगरपालिका अन्तरगतका आधारभुत स्वास्थ्य सेवा केन्द्र** | | | | |
| **वडा नं. १** | | | | |
| २७. | सन्दिपा राना | अ.हे.व. | चौथो | करार |
| २८. | भगवति सुनार | अ.न.मि. | चौथो | करार |
| २९. | दवी घर्ती राना | का.स. | श्रेणी विहिन | करार |
| **वडा नं. ४** | | | | |
| ३०. | प्रमिला चन्द | अ.न.मि. | चौथो | करार |
| **वडा नं. ५** | | | | |
| ३१. | सन्दिपा राना | अ.हे.व. | चौथो | करार |
| ३२. | भगवति सुनार | अ.न.मि. | चौथो | करार |
| ३३. | यजना नेपाली | का.स. | श्रेणी विहिन | करार नपा |
| **वडा नं. ७** | | | | |
| ३४. | दुशासन शाही | अ.हे.व. | चौथो | करार |
| ३५. | कल्पना चन्द | अ.न.मि. | चौथो | करार |
| ३६. | नरेस वि.क. | का.स. | श्रेणी विहिन | करार नपा |
| **वडा नं. ८** | | | | |
| ३७. | सुनिता गिरी | अ.हे.व. | चौथो | करार |
| ३८. | शिवा शाही | अ.न.मि. | चौथो | करार |
| **वडा नं. १०** | | | | |
| ३९. | सुलोचना चन्द | अ.न.मि. | चौथो | करार |
| ४०. | विष्णु राना | अ.हे.व. | चौथो | करार |
| ४१. | राम बहादुर बि.क. | का.स. | श्रेणी विहिन | करार नपा |
| **वडा नं.१२** | | | | |
| ४२. | दुर्गा थापा | हे.अ. | पाँचौ | करार |
| ४३. | रविता कामी | का.स. | श्रेणी विहिन | करार |
| **स्वास्थ्य सेवा कार्यालय अन्तरगत एम.सी.एच. मा कार्यरत** | | | | |
| ४४. | विपना उली | अ.न.मि. | चौथो | करार नपा |

७। नगरपालिकाको समृध्दि तथा उन्नतिका लागि निर्माण तथा कार्यान्वयन गर्न अति आवश्यक भएका तर नगरपालिकाको श्रोतबाट निर्माण संभव नदेखिएका देहाय बमोजिमका योजनाहरू स्वीकृति तथा बजेट व्यवस्थाका लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकासंग अनुरोध गर्न नगरसभामा पेश गर्ने ।

क. भेरी रिंगरोड (पिपे-मैदे-वडालेक-डिंगा-तिमिले-पाँचकाटिया-धरमखर्क-मछाईना) वडा नं.१ र
ख. गैरीखाली-राममन्दिर-वाग्लुंग-ठाँटी-तल्लो थाप्ले-जिल्ला अस्पताल सम्मको सडक आर.सी.सी.
ग. गैरीखाली - रानागाउँ - नेटीवजार - मछाईना सडक वडा नं.४ र ६
घ. मालिका पर्यटन मन्दिर निर्माण मछाईना वडा नं. ६
ङ. खेलकुद रंगशाला निर्माण कुदू , वडा नं.१३
च. बहु उध्देश्ययिय कभर्ड हल निर्माण डाप्का वडा नं.५
छ. जगतिपुर स्वास्थ्य चौकी निर्माण वडा नं.११
ज. वृहद खानेपानी योजना वडा नं.११, १२, १३
झ. वृहद खानेपानी योजना वडा नं.८
ञ. वृहद खानेपानी योजना वडा नं.९
ट. फेरा - चिसिमूल-स्याउली वजार - घाग्रे तटवन्धन वडा नं.१०,८,७ र ६
ठ. लिफ्ट सिचाई योजना भूरचौर वडा नं.१०

८। यस जिल्लाको सदरमुकाम लगायत जिल्लाका अन्य केही भागहरूमा सडक संजाल बिस्तार भए पनि जिल्लाका कुनै स्थानमा हवाई यातायात सुविधा उपलब्ध नभएको र जिल्ला सदरमुकाम नजिक रहेको चौरजहारी विमानस्थल पनि बन्द रहेको अवस्था एकातिर रहेकोछ भने अर्कोतर्फ स्थानीय रोजगारीका अवसर सिर्जना गर्न पर्यटन प्रवर्ध्दनको लागि डोल्पाको फोक्सुन्डो, मुगुको रारादह, ढोरपाटन देखि बझाङको शैपाल अर्थात सेती नदी पूर्व, हुम्ला कर्णाली पश्चिमबीचको भागमा अवस्थित हिमालहरू अवलोकनका लागि माउन्टेन टुरिज्मको प्रचुर संभावना रहेकोले सो क्षेत्रको पायक पर्ने स्थानमा हवाई यातायात सुविधा उपलब्ध गराउन सकिएको खण्डमा नागिरकहरूको जीवनस्तर सुधारमा उल्लेखनिय योगदान पुग्ने देखिएकोले निर्माण लागतको दृष्टिकोणले अत्यधिक संभावना रहेको यस नगरपालिकाको वडा नं. १ बडालेकमा एअरपोर्ट निर्माणका लागि संभाव्यता अध्ययन तथा डीपीआरका लागि संघिय सरकारसंग अनुरोध गर्न नगरसभामा पेश गर्ने ।

९। नगर क्षेत्रभित्र स्थानीय नागरिकहरूको आवत जावतका लागि सवारी साधन नभई सडक सुविधा पुगेका स्थानमा पनि पैदल हिड्नु पर्ने बाध्यता भएकोले यातायात असहजतालाई ध्यानमा राखि छोटो दुरीका सवारी साधन (अटो, ई रिक्सा आदि) प्रचलित कानून तथा मापदण्ड बमोजिम संचालन गर्नका लागि यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालयसंगको समन्वय र सहकार्यमा प्रक्रिया अगाडी बढाउन नगरसभामा पेश गर्ने ।



Scanned with CamScanner

१०। नगर सदरमुकाम खलंगामा सवारी पार्किङका लागि वसपार्कको उचित व्यवस्थापन हुन नसकेको र थाप्लेचौरमा निर्माणाधिन अवस्थामा रहेको बसपार्कको स्तरोन्नतिका लागि बजेट अभावका कारण ऋणको माध्यमबाट रकम जुटाई निर्माण सम्पन्न गर्नका लागि नगर विकास कोषसंग सम्झौता भईसकेकोले कोषसंग समन्वय गरी यथाशिघ्र निर्माण प्रक्रिया अगाडी बढाउन नगरसभामा पेश गर्ने ।

११। स्वास्थ्य सेवामा नागरिकहरूको सहज पहुँच बृध्दिका लागि वडा नं. ७ को स्याउली बजारमा १५ शैय्याको नगर अस्पताल स्थापना गर्ने र तत्काल पुर्वाधार निर्माण शुरू गर्न रू ५० लाख विनियोजन गर्ने र सो रकम अपुग हुने भएकोले नपुग बजेट लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा अन्य दातृ निकायहरूसंगको सहयोग तथा साझेदारीमा जुटाई अस्पताल संचालन गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

१२। नगर तथा जिल्लाबासिहरू लगायत रूकुम तथा सल्यान जिल्लाबासिहरूलाई आँखा उपचार सेवा उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, सुर्खेत आँखा अस्पताल र नगरपालिकाको साझेदारीमा आँखा अस्पताल संचालनका लागि भवन निर्माण शुरू गर्न रू. १५ लाख बजेट बिनियोजनका लागि प्रस्ताव गरिएकोमा उक्त रकम नपुग हुने भएकोले सहयोगि निकाय, कर्णाली प्रदेश सरकार तथा संघीय सरकारसंग अनुरोध गर्न नगरसभामा पेश गर्ने ।

१३। यस नगरपालिका अन्तर्गत रहेका कतिपय वडाहरूका कार्यालय भवन नै नभएका र भवन भएका वडा कार्यालयहरूका पनि व्यवस्थित नभई सेवा प्रवाहमा समस्या भएकोले वडा कार्यालयबाट प्रदान हुने सेवालाई अझ प्रभावकारी बनाउन सबै वडाहरूमा कार्यालय भवन निर्माणका लागि बिनियोजन प्रस्ताव गरिएको रकम अपर्याप्त भएकोले अन्य निकाय तथा कार्यक्रमसंगको साझेदारीमा रकम जुटाई निर्माण सम्पन्न गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

१४। नेपाल सरकार क्षेत्रगत पुल कार्यक्रम तथा ट्रायल ब्रीज सपोर्ट युनिट प्रदेश कार्यालय सुर्खेतको सहयोगमा निम्न स्थानमा झो.पु. निर्माण गर्न नगरसभामा पेश गर्ने ।

क. घाग्रेखोला झो.पु. वडा नं. ५, ६ र ७ जोड्ने

ख. तिमिलेखोला ट्रसब्रीज निर्माण, वडा नं. २ डिंगा र तिमिले जोडने

ग. सर्वे, डिजाईन तथा ल.ई. समेत भईसकेको वडा नं. १ र ३ को जोड्ने झो.पु. को नाम पिपलखेत झो.पु. नाम उल्लेख भएकोमा उक्त पुलको नाम संशोधन गरी होलुखोला झो.पु. कायम गर्न नगरभामा पेश गर्ने ।

१५। प्रधानमन्त्री तथा मन्त्री परिषदको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको प्राप्त पत्रानुसार यूवा तथा वालवालिकाहरूमा समाजसेवा तथा राष्ट्रभक्तिको भावना जागृत गर्नका लागि यस भेरी नगरपालिकाका सबै मा.वि. हरुमा आवश्यक बजेट व्यवस्था गरी स्काउट कार्यक्रम संचालन गर्ने भनी गत आ.व.को सभाबाट निर्णय भएता पनि कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण र अन्य विपद् व्यवस्थापनमा भएको अतिरिक्त खर्चका कारण



Scanned with CamScanner

बजेट अभाव भई संचालन गर्न नसकिएकोले बजेट श्रोत जुटेमा उक्त कार्यक्रम संचालन गर्न स्वीकृतिका लागि सभामा पेश गर्ने ।

१६। नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन परिसरमा रहेको जग्गा थोरै भई पार्किङ लगायत अन्य कार्यालय व्यवस्थापनमा समस्या हुने देखिएको र भवन अगाडी रहेको ठकुरीहरूको कुल देवताको मन्दिर रहेको जग्गा प्राप्तिका लागि गत नगरसभाबाट सरोकारवालाहरूसंग छलफल गरी प्रतिवेदन पेश गर्नका लागि ३ सदस्यीय समिति गठन भई सो समिति र सरोकारवालाहरूवीच छलफल हुँदा मन्दिरको लागि जग्गा उपलब्ध गराई मन्दिर निर्माण गरिदिएमा सो जग्गा उपलब्ध गराउने सकिने सहमति भएकोले वडा नं. ४ को बिपि बाटीका रहेको टाकुरामा जग्गा उपलब्ध गराई मन्दिर निर्माण शुरू गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

१७। नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आंउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न आवश्यक देखिएकोले "कन्टिजेन्सी रकम खर्च व्यवस्थापन कार्यविधि, २०७८" स्वीकृत गर्ने ।

१८। कोभिड १९ दोश्रो लहरको महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएको निषेधाज्ञाको अवधिमा जोखिम मोलेर उपस्थित भई कार्यालयको अति जरूरी कार्य सम्पादन गरेका र आ.ब. २०७८।७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा कार्यमा कार्यालय समय बाहेक अतिरिक्त समय खटिने तपसिलमा उल्लेखित कर्मचारीहरूलाई खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

| | |
|---|---|
| क. दल बहादुर घर्ती | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ख. प्रकाश कुमार शाही | कानून अधिकृत |
| ग. अनिश शाह | अधिकृत |
| घ. सूर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत |
| ङ. नवराज शर्मा | ईन्जिनियर |
| च. राजेन्द्र बहादुर कठायत | लेखापाल |
| छ. कृति बहादुर थापा | ना.सु. |
| ज. सनत टवाडी | ना.सु. |
| झ. चित्र बहादुर वली | प्रा.स. |
| ञ. केदार बहादुर कार्की | खरिदार |
| ट. श्रवण खनाल | सहायक आन्तरिक लेखा परिक्षक |
| ठ. शेर बहादुर अधिकारी | सवारी चालक |
| ड. भरत नेपाली | का.स. |
| ढ. सरस्वति खड्का | का.स. |



Scanned with CamScanner

| | |
|---|---|
| ण. ध्रुव चन्द | का.स. |
| त. सावित्रा शाही | का.स. |
| थ. जय व चन्द | का.स. |
| द. कृष्ण शाही | ट्र्याक्टर ड्राईभर |
| ध. सन्तोष कुमार शाह | सरसफाई सहजकर्ता |

१९। नगर क्षेत्रमा बसोवास गर्ने विपन्न नागरिकहरू अन्यायमा परि आर्थिक अभावका कारण कानूनी उपचारबाट बन्चित हुन नपरोस भन्ने उध्देश्यले आर्थिक अवस्था कमजोर भएका नागरिकहरूको न्यायियक समितिमा पेश हुने फिराद तथा प्रतिउत्तर जस्ता कानूनी लिखत तयार गरेवापत जिल्ला अदालत बार इकाईको दर रेट अनुसार कानून व्यवसायिहरूको पारीश्रमिक स्वरूप लाग्ने खर्च सम्बन्धित वडा कार्यालयको सिफारिस तथा न्यायिक समितिको आदेश अनुसार उपलब्ध गराउन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

२०। चालु आ.व.२०७७ को श्रावण १ गते देखि जेष्ठ मसान्तसम्म नगर कार्यपालिकाबाट प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्ने क्रममा भए गरेका सम्पुर्ण निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

२१। नगरपालिकाको प्राविधिक शाखामा कार्यरत प्राविधिक जनशक्तिलाई फिल्डस्तरमा खटिए बापत प्रोत्साहन स्वरूप हालसम्म तोकिएको निश्चित रकम थप सुविधाको रूपमा दिइदै आएकोमा आ.व. २०७६।७७ म.ले.प. डोरमुकाम टोलीको सुझाव एवं यस नगरपालिकाको आन्तरिक आयको अवस्थालाई समेत मध्येनजर गरी आगामी आ.व. २०७८।७९ अर्थात २०७८ श्रावण १ गते देखि लागु हुने गरी ईन्धन, बाईक मर्मत तथा खाजा खर्च बापत खाईपाई आएको तलवको २० प्रतिशत रकम प्राविधिक शाखा तथा वडामा कार्यरत प्राविधिक कर्मचारीहरूलाई उपलब्ध गराउन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

२२। भेरी नगरपालिका अन्तगर्तका बिध्यालयको दैनिक पठनपाठनलाई नियमित र ब्यवस्थित बनाई बिध्यालय शिक्षालाई गुणस्तरीय बनाउन कार्यरत शिक्षकहरूलाई अझ बढी जिम्मेवार तथा जवाफदेही बनाउन स्थायी शिक्षकहरूको बार्षिक कार्य सम्पादन मुल्यांकन प्रभावकारी बनाउने र अस्थायी, राहत, नगर अनुदान कोटामा कार्यरत शिक्षकरूको कार्यसम्पादन मुल्यांकन कार्यविधि बनाई सोको आधारमा ६।६ महिनामा अनिवार्य म्याद थप गर्ने व्यवस्थाका लागि नगर शिक्षा शाखा तथा कार्यालयलाई निर्देशनका लागि नगरसभामा पेश गर्ने ।

२३। यस चालु आ.व.को स्वीकृत संघिय बिशेष अनुदानतर्फको पूर्ण जातिय छुवाछुत मुक्त नगरपालिका घोषणा कार्यक्रमका लागि बिनियोजित बजेट कोभिड १९ को महामारी तथा स्थानीय प्रशासनको निषेधाज्ञाका कारण जनचेतनाका लागि अभियानमुलक कार्यक्रमहरू संचालन गर्न नसकिएको र वडा नं. ११ को कटीगाउँस्थित दलित बस्तिमा गरिएको सहभागितामुलक ग्रामिण लेखाजोखा प्रतिवेदन तथा वडा कार्यालयको सिफारिस बमोजिम उक्त स्थानमा बसोवास गर्ने कुल १५८ दलित घरपरिवारलाई उक्त



Scanned with CamScanner

जागरणमुलक अभियानमा बिनियोजित बजेट रू. १५ लाख सुधारिएको उन्नत फलामे चुल्हो खरिद गरी बितरण गर्न कार्यक्रम संशोधनका लागि नगरसभामा पेश गर्ने ।

२४। भेरी नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, पहिलो संशोधन, २०७६ को दफा ७१ मा मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकतालाई पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले दुवै पक्षबाट बढीमा रु १०००।- लिन पाउने छ भन्ने उल्लेख भएता पनि विपन्नताका कारण प्रायले रकम दिन नसक्ने र विकट भौगोलिक अवस्थाले ग्रामिणस्तरमा सानातिना विवाद मिलाउन धेरै समय खर्च हुने भएकोले मेलमिलापकर्ताहरुलाई प्रोत्साहन स्वरुप न्यूनतम खाजा खर्च उपलब्ध गराउन आवश्यक देखिएकोले न्यायिक समितिमा दर्ता भई आदेश बमोजिम मेलमिलाप केन्द्रमा पठाईएका विवाद मिलाएको खण्डमा प्रति मिलापत्र रु १५००।- मिलापत्र हुन नसकि फिर्ता पठाएमा रु ७००।- र न्यायिक समितिमा दर्ता नभई सोझै वडा समितिमा दर्ता भई मेलमिलाप भएको खण्डमा प्रति मिलापत्र रु ४००।- का दरले रकम उपलब्ध गराउन आवश्यक बजेट विनियोजनका लागि न्यायिक समितिबाट सिफारिस भई आएकोले स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

२५। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचना MTEF तर्जुमा गर्नुपर्ने उल्लेख भएको र यस नगरपालिकालाई प्राप्त हुने सीमित स्रोतलाई सरकार सञ्चालन, सेवा प्रवाह र विकास कार्यहरूमा प्राथमिकताको आधारमा न्यायोचित बाँडफाँट तथा व्यवस्थित रूपमा उपलब्ध श्रोत परिचालनका लागि आगामि आ.व. मा मध्यमकालीन खर्च संरचना (तीन वर्षीय चक्रीय योजना) तर्जुमा गर्न नगरसभामा पेश गर्ने ।

२६। यस चालु आ.व. २०७७।७८ मा कोभिड १९ दोश्रो लहरको महामारी रोकथाम तथा नियन्त्रणका लागि जारी भएको निषेधाज्ञाका कारण व्यापार व्यवसायमा परेको प्रतिकुल प्रभावका कारण कर बुझाउन व्यवसायिहरूलाई परेको समस्यालाई ध्यानमा राखि २०७८ असोज मसान्तसम्म कर बुझाउने करदाताहरूलाई खुद बुझाउनुपर्ने रकममा १० प्रतिशत छुटका लागि नगरसभामा पेश गर्ने ।

२७। नगरपालिकाबाट निर्माण सम्पन्न योजनाहरू बाढी पहिरो तथा भु क्षयबाट क्षति हुने गरेको र क्षति भएका योजनाहरू मर्मत सम्भार नगर्दा थप क्षति भई लगानी खेर जाने र सोही योजना मर्मत तथा पुनर्निर्माणका लागि थप बजेट खर्च गर्नु पर्ने समस्या देखिएकोले योजनाहरूको दिगोपनाको लागि योजनाको लगत अनुमान गर्दा कुल लागतको १.५ प्रतिशत रकम मर्मत संभार कोष बापत थप गर्ने र उक्त रकम सबै आयोजनाबाट कट्टी गरी एकमुष्ट रूपमा मर्मत सम्भार कोषमा जम्मा गर्ने र उक्त रकम कार्यविधि तर्जुमा गरी खर्च गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

Scanned with CamScanner

२८। अन्तमा, आ.व. २०७८।७९ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापनका लागि नगरसभामा पेश गर्ने ।

Scanned with CamScanner